निर्वाचन आयोग
**जिल्ला निर्वाचन कार्यालय**
**सिरहा**

Email:deo.siraha@election.gov.np
sirahadeo@gmail.com
Phone 033-520265

प.स.२०७९/०८०
च.नं :....२२.......

मिति :- २०७९/०५/२३

**विषय :- सफाई सहितको स्पष्टीकरण पेश गर्ने वारे ।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा ।**
**श्री स्थानीय तह सबै, सिरहा ।**

उपरोक्त सम्वन्धमा निर्वाचन आयोग, नेपालको कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखाको प.सं.।च.नं. २०७९.०८०।१२६ मिति २०७९।०५।२२ गतेको पत्रानुसार स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम तथा स्थानीय तह निर्वाचन नियमावली २०७३ को नियम ४० बमोजिम उम्मेद्वार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र सम्वन्धित जिल्ला निर्वाचन कार्यालयमा वुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा जिल्ला समन्वय समिति, नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनमा भाग लिई तोकिएको समयावधि भित्र निर्वाचन खर्च विवरण वुझाउने उम्मेद्वारहरुले आफू उम्मेद्वार भएको स्थानीय तहको कार्यालय र जिल्ला समन्वय समितिको उम्मेद्वारहरुले आफू उम्मेद्वार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिन भित्र सार्वजनिक गरी सो को जानकारी जिल्ला निर्वाचन कार्यालयमा गराउनु हुन र तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नवुझाउने उम्मेद्वारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नवुझाएको हो ? तोकिएको समयावधि भित्र निर्वाचन खर्च विवरण नवुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उम्मेद्वारहरुले सफाई सहितको स्पष्टीकरण जिल्ला निर्वाचन कार्यालय, सिरहामा आफै उपस्थित भई पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**नोट :- यस कार्यालयवाट यसै पत्रसाथ संलग्न गरी पठाईएको नाम नामेशी सहितको विद्युतीय प्रति सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्वन्धित स्थानीय तहको कार्यालयको Website,facebook page र सूचना पार्टीमा सबैले देख्ने गरी प्रकाशन गरी सो को रितपूर्वक मुचुल्का तयार गरी जिल्ला निर्वाचन कार्यालयमा यथाशीघ्र पठाइदिनु हुन अनुरोध गरिन्छ ।**

2063/0५/22

..............................
( इन्दीरा यादव )
जिल्ला निर्वाचन अधिकारी

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण कार्यालयको ... कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

निर्देशक

सम्बिधान दैनिक गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरुका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाइँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन

। शौचालय, छ। आवास

तथा राहत वितरणको व्यवस्थाको लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७२ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | महिला सदस्य | बसन्ती देवी चमार | ०६०२७३८३ | महिला | ४१ | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| ७३ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | महिला सदस्य | रंजन कुमारी शर्मा | २५९३७३२३ | महिला | २२ | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| ७४ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | महिला सदस्य | प्रियंका कुमारी दास | २३५६९२६७१ | महिला | २७ | नेपाली काँग्रेस | निर्वाचित | समयमा पेश |
| ७५ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | महिला सदस्य | मन्जु देवी मण्डल | ०६१७०३३३ | महिला | ४८ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| ७६ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | महिला सदस्य | रिता कुमारी चमार | ०६२०६७४८ | महिला | ३३ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| ७७ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | कृष्ण मोहन सिंह | २०२६९९२६ | पुरुष | ३२ | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| ७८ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | राम औतार राय | १५२९१५६० | पुरुष | ७४ | नेपाली काँग्रेस | निर्वाचित | पेश नगरेको |
| ७९ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | जिवछ साह कलाल | ३०७७१७१ | पुरुष | ४३ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| ८० | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | राम विलास साह | ०६०२६३६१ | पुरुष | ४२ | जनता समाजवादी पार्टी, नेपाल | पराजित | पेश नगरेको |
| ८१ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | रंजित कुमार ठाकुर | ०६१७०५११ | पुरुष | ३८ | स्वतन्त्र | पराजित | पेश नगरेको |
| ८२ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | लाल वहादुर साह | ०६१७०१३५ | पुरुष | ४६ | स्वतन्त्र | पराजित | पेश नगरेको |
| ८३ | मधेश प्रदेश | सिराहा | बरियारपट्टी गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | असलम मिया | २५९३७१३२ | पुरुष | ३९ | स्वतन्त्र | पराजित | पेश नगरेको |